द.नं. : ५७३/०६८/६९ पान : ३०५२४५५२८

मार्गदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
Margadarshan Saving & Credit Co-operative Ltd.

प.सं. ४२/०७८/७९ मिति: २०७८/०५/०६

# १0औं बार्षिक साधारण सभामा उपस्थिति सम्बन्धमा ।

यस संस्थाको मिति २०७८/०५/०५ गते वसेको संचालक समितिको ४९औं बैठकको निर्णय, सहकारी विभाग र सहकारी तथा रोजगार प्रवर्द्धन शाखा भरतपुर महानगरपालिकाले जारी गरेको सहकारी संस्थाको साधारण सभा संचालनसम्बन्धि निर्देशिका २०७७ बमोजिम संस्थाको १0औं बार्षिक साधारण सभा देहायका बिषय माथि छलफल गरी निर्णय गर्न मिति २०७८/०६/०३ देखि २०७८/०६/१६ गते सम्म आयोजना गरिएको हुँदा उल्लेखीत साधारण सभा संचालन कार्यसूची बमोजिम आफुलाई पायक पर्ने केन्द्रमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफल तथा निर्णयार्थ प्रस्तुत प्रस्तावहरु :**

१. आ.व. ०७८/७९ को नीति तथा कार्यक्रम उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. ०७७/७८ को बार्षिक प्रगति प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. आ.व ०७७/७८ को आर्थिक प्रतिवेदन र बाह्य लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
४. लेखा समितिको तर्फबाट प्रस्तुत हुने आ.व. ०७७/७८ को लेखा सुपरिवेक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
५. ऋण उप-समितिको तर्फबाट प्रस्तुत हुने आ.व. ०७७/७८ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
६. आ.व. ०७८/७९ को बार्षिक योजना तथा बजेट उपर छलफल गरी पारित गर्ने ।
७. आ.व. ०७८/७९ को लागि बाह्य लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको सम्बन्धमा ।
८. संस्थाको आन्तरिक नीति, निर्देशिका र कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
९. संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्यक्रम सम्वन्धमा ।
१०. संस्था एकिकरण सम्बन्धि निर्णय गर्ने सम्बन्धमा ।
११. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१२. विविध ।

**साधारण सभाको कार्यसूची :**

| क्र.सं. | मिति | स्थान | समय | कार्यक्रम/कैफियत |
|---|---|---|---|---|
| १. | २०७८/०६/०४ देखि २०७८/०६/१२ गतेसम्म | प्रधान कार्यालय, फुर्तिचोक | १0:00 बजेदेखि ४:00 बजेसम्म | नाम दर्ता, प्रतिवेदन वितरण, सुझाव संकलन |
| २. | २०७८/०६/०४ देखि २०७८/०६/०८ गतेसम्म | सदस्य सेवाकेन्द्र नारायणगढ, चोकबजार, चनौली | १0:00 बजेदेखि ४:00 बजेसम्म | नाम दर्ता, प्रतिवेदन वितरण, सुझाव संकलन |
| ३. | २०७८/०६/१६ गते | प्रिन्स भिलेज रिसोर्ट, शीवघाट | १0:00 बजेदेखि १:00 बजेसम्म | समापन कार्यक्रम, |

**पुनश्च** : संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्यक्रम मिति २०७८ भाद्र १५ गते संस्थाको सुचना पाटिमा टाँस गरिने सुचना बमोजिम हुनेछ ।

.........................................
**संचालक समितिको तर्फबाट**
**गनबहादुर श्रेष्ठ**
**सचिव**

दर्ता नं : ९७३/०६८/६९
पान : ३०५२४५५२८

मार्गदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
Margadarshan Saving & Credit Co-operative Ltd.

पत्र संख्या/Ref. No. : ५०/०७८/७९ मिति/Date : २०७८-०५-१५

# विषय : निर्वाचन कार्यतालिका सम्बन्धमा ।

आदरणीय शेयर सदस्यज्यू,

प्रस्तुत विषयमा निर्वाचन समितिको मिति २०७८/०५/१५ गते बसेको बैठकको निर्णय बमोजिम संस्थाको **१०औं वार्षिक साधारण सभा**को कार्यसूचीमा रहेको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन कार्यक्रम सम्पन्न गर्नको लागि संस्थाको निर्वाचन नीति २०७५ को दफा ३ अनुसूची १ बमोजिम देहायअनुसारको कार्यतालिका सार्वजनिक गरिएको व्यहोरा जानकारी गर्दछौं ।

## निर्वाचन कार्यक्रम

(निर्वाचन नीतिको दफा ३ सँग सम्बन्धित)

**अनुसूची १**

| क्र.सं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको नामवली प्रकाशन | २०७८/०५/२३ | बिहान ११:०० बजे |
| २ | छुट नाम दर्ता, सच्याउने वा हटाउने | २०७८/०५/२५ | बिहान ११:०० देखि ३:०० बजेसम्म |
| ३. | अन्तिम नामावली प्रकाशन | २०७८/०५/२५ | बेलुका ५:०० बजे |
| ४. | उम्मेदवारको मनोनयन दर्ता | २०७८/०५/२७ | बिहान ११:०० देखि ३:०० बजेसम्म |
| ५. | उम्मेदवारको नामवली प्रकाशन | २०७८/०५/२७ | बेलुका ५:०० बजे |
| ६. | दावी विरोध र उम्मेदवारको नाम फिर्ता | २०७८/०५/२८ गतेदेखि ३० गतेसम्म | कार्यालय समयभित्र |
| ७. | दावी विरोध उपर छानविन उम्मेदवारको अन्तिम नामवली प्रकाशन | २०७८/०५/३१ गते | बिहान ११:०० बजे |

**नोट : मतदान कार्यक्रम निर्वाचन समितिले तोकेबमोजिम हुनेछ । आवश्यकताअनुसार निर्वाचन कार्यक्रमलाई निर्वाचन समितिले फेरबदल गर्न सक्नेछ ।**

जय मार्गदर्शन । जय सहकारी ।।

रामबाबु पौडेल
निर्वाचन अधिकृत

Website : www.margadarshansaccos.com.np
E-mail : margadarshancooperative@gmail.com
प्रधान कार्यालय : भरतपुर-१६, फुर्तिचोक, चितवन ☎ : ०५६-५०२०३०
सेवा केन्द्र : भरतपुर-१, नारायणगढ, चितवन ☎ : ०५६-५९६५३०
सेवा केन्द्र : भरतपुर-६, चोकबजार, चितवन ☎ : ०५६-४०००३१
सेवा केन्द्र : भरतपुर-१८, चनौली, चितवन ☎ : ९८६५०८०८८१

# ०७८/७९ को लागि भावी नीति तथा कार्यक्रम



**प्रेमबहादुर वोगटी**
अध्यक्ष

प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, आदरणीय संचालक समितिका पदाधिकारीज्यूहरु, संस्थाका परिकल्पनाकारज्यूहरु, सल्लाहकार समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीज्युहरु, ऋण उप-समितिका पदाधिकारीज्यूहरु, सेवाकेन्द्र संचालन उप-समितिका पदाधिकारीज्यूहरु, महिला उप-समितिका पदाधिकारीज्यूहरु, शिक्षा उप-समितिका पदाधिकारीज्यूहरु, युवा उप-समितिका पदाधिकारीज्यूहरु, संस्थाको दिगो विकासको लागि अहोरात्र क्रियाशील रहनुभएका संस्थाका उच्च व्यवस्थापन एवम् कर्मचारीहरु र सम्पुर्ण शेयर सदस्यज्युहरु सबैलाई संस्थाको यस गरिमामय दशौं बार्षिक साधारण सभामा हार्दिक स्वागत एवम् अभिवादन टक्र्याउन चाहन्छु ।

वि.स. २०६८ साल साउन २९ गते विधिवत रुपमा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय भरतपुर चितवनमा दर्ता भई संचालनमा आएको एक सर्वाधिक सफल र लोकप्रिय सहकारी संस्था हो-मार्गदर्शन बचत तथा ऋण सहकारी संस्था लि. । स्थानिय स्तरमा छरिएर रहेको पूँजिलाई संकलन गरि स्थानिय क्षेत्रमा नै परिचालन गरि हरेक व्यक्तिको आर्थिक तथा सामाजिक स्तरोन्नति र समुहमा बचत गर्ने बानीको विकास गर्नु हाम्रो सहकारी संस्थाको प्रमुख उद्देश्य हो । स्थापना कालको छोटो अवधिमा नै सामाजिक र आर्थिक रुपान्तरणमा अग्रणी उदाहरण प्रस्तुत गर्दै आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको छ । सहकारी नीति नियम र सिद्वान्तलाई पालना गर्दै अगाडि बढिरहेको हाम्रो संस्था सुरक्षित बचत, सरल कर्जा र रेमिट्यान्स सेवाको एक मात्र विकल्पको रुपमा लिएका छौ । संस्थाले विभिन्न शीर्षकमा निक्षेप संकलन गरि सरल र सहज रुपमा विभिन्न शीर्षकमा ऋण प्रवाह गर्दै आएको कुरा आदरणीय शेयर सदस्यज्यूहरुलाई अवगत नै भएको कुरा हो । हाल संस्थाले व्यापार/व्यवसाय संरक्षण तथा प्रवर्द्धनको लागि व्यापार/व्यवसाय ऋण, कृषि क्षेत्र र पशुपालन विकासको लागि कृषि ऋण, हल्का सवारी साधन खरिदको लागि हायर पर्चेज ऋण, घर निर्माण, मर्मतसंभार तथा जग्गा खरीदको लागि घर/जग्गा ऋण, सामाजिक संस्कार, रितिरिवाज जर्गेनाको लागि सामाजिक संस्कार ऋण, ठुला आधुनिक उद्योग कलकारखाना, कृषि फर्म संचालनको लागि परियोजना ऋण, स्वदेशि तथा बैदेशिक उच्च शिक्षा तथा शैक्षिक विकासको लागि शैक्षिक ऋण, आर्थिक उपार्जनको लागि बैदेशिक रोजगारमा जानको लागि बैदेशिक रोजगार ऋण एवम् घरायसी कामकाज, र औषधोपचारका लागि घरायसी ऋण आदि सहुलियत व्याजदरमा शेयर सदस्यज्यूहरुलाई उपलब्ध गराउँदै आईरहेको छ । कोरोना प्रभावको कारण आ.व. २०७७०७८ को निर्धारित नीति तथा कार्यक्रमले समावेश गरेका सबै क्षेत्रका कार्यहरू सञ्चालन गर्न सकिएन । अझै पनि यसको प्रभाव बाँकी रहेको अवस्था छ । यसर्थ हामीले संस्थालाई सुचारु गर्न मात्र सीमित नीति तथा कार्यक्रम यस आर्थिक वर्ष २०७८/०७९ को लागि निर्धारण गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

# भावी नीति तथा कार्यक्रम

**१. वित्तीय व्यवस्थापन :**

१.१. आर्थिक बर्ष २०७८/०७९ मा २५% बार्षिक कुल सम्पत्तिमा बृद्धि गरी ६५ करोड र २५% बार्षिक सदस्य बृद्धि गरी कुल सदस्य सख्या ७,१२५ पुऱ्याईनेछ ।

१.२. कुल सम्पत्तिको आधारमा बचत ७५%, ऋण लगानी ७८%, शेयर १०%, जगेडाकोष ५%, वित्तीय लगानी २%, गैह्र वित्तीय लगानी ०%, तरल लगानी १६% र स्थीर सम्पत्ति ३.५% कायम गरिनेछ ।

१.३. बार्षिक २ ओटा बचत सेवा विकासको लाीग १ ओटा कार्यशाला संचालन गरिनेछ । बचत निती अध्यावधिक गरिनेछ । बचत सेवा प्रर्वद्धनको लागि क्याटलग, ब्रोसर, ट्युटोरियल आदि विकास गरिनेछ । उत्कृट बचत कर्ता सम्मान कार्यक्रम निरन्तरता दिइनेछ ।

१.४. लगानीको क्षेत्र पहिचान र ऋण सेवा विविधिकरणको लागि १ ओटा कार्यशाला संचालन गरिनेछ । बाीर्षक ऋण नीति अध्यावधिक गरिनेछ । त्रैमासिक ऋणी सदस्यहरुसंग अर्न्तक्रिया कार्यक्रम आयोजना गरिनेछ । ऋण सेवा प्रर्वद्धनको लागि क्याटलग, ब्रोसर, ट्युटोरियल आदि विकास गरिनेछ । प्रयाप्त P1, P2 र असल ऋणको लागि ऋण जोखिम कोषको व्यवस्था गरिनेछ ।

१.५. सदस्यहरुको ऋण मागको आधारमा आन्तरिक स्रोत परिचालनबाट मात्र ऋण लगानी गर्न सक्ने अवस्था नरहेमा बाह्य स्रोतबाट कुल सम्पत्तिको १०% मा नवढ्ने गरी ऋण लिइनेछ । बाह्य ऋण नीति बार्षिक रुपमा अध्यावधिक गरिनेछ ।

१.६. संस्थाको नियमित कारोवारमा सदस्य सहभागिता बृद्धिको लागि संरक्षित पुँजी फिर्ता कोषको रकम बचतमा प्राप्त व्याजको लागि ४०% र ऋणमा तिरेको व्याजको लागि ६०% गरि वितरण व्यवस्था गरिएको छ । संरक्षित पुँजी फिर्ता कोषबाट प्राप्त रकम शेयर पुँजी खरीद गर्न सक्ने व्यवस्था गरिएको छ ।

१.७. चालु आ.व. मा १३% लाभाशं वितरणको योजना गरिएको छ । तरलता व्यवस्थापनको लागि बजार अध्ययन र विश्लेषण गरी कम्तीमा त्रैमासिक रुपमा व्याजदर निर्धारण गरिनेछ ।

१.८. कोष परिचालन नीति अध्यावधिक गरिनेछ । यस आ.व. मा ५% जगेडा कोष पुऱ्याउने लक्ष्य लिइएको छ । खर्च नभएका कोषहरु जगेडा कोषमा रकमान्तर गरिनेछ ।

**२. सेवा विविधिकरण :**

२.१. ऋण लगानीको क्षेत्रगत सिमा निर्धारण गरिएको छ । समयमा किस्ता भुक्तानी नगर्दा लाग्ने हर्जना यथावत छ । चालु आ.व.बाट ऋण सदुपयोगिता सर्वेक्षण र नियमित किस्ता भुक्तानी गर्ने सदस्यहरुलाई व्याजमा १% छुट दिने व्यवस्था सुरु गरिनेछ ।

२.२. चालु आ.व. मा २ ओटा सेवा केन्द्र विस्तार गरिनेछ । सबै केन्द्रहरुको ५S परिक्षण गरिनेछ । उत्कृष्ट केन्द्रलाई पुरस्कृत गरिनेछ । सुश्म अध्ययन र विश्लेषणबाट चालु आ.व.मा प्रोवेशनका सबै सुचकहरु पुरा गर्ने लक्ष्य लिइएको छ ।

२.३. सदस्य हेरचाहको लागि प्रभावकारी संयन्त्र विकास गरिनेछ । सदस्य हेरचाह नीति आवश्यकता अनुसार अध्यावधिक गरिनेछ । सामाजिक क्रियाकलापमा संस्थाको सहभागिता सुनिश्चित गरिएको छ ।

२.४. सदस्य सम्मान कार्यक्रम, सामुदायीक विद्यालयमा अध्ययनरत गरिव तथा जेहेन्दार छात्र छात्राको लागि प्रदान गर्दै आएको मार्गदर्शन छात्रबृत्ति, बालविकास केन्द्रलाई गर्दै आएको शैक्षिक तथा आर्थिक सहयोग कार्यक्रम निरन्तर संचालन हुनेछ । संस्थाको स्थापना दिवसको अवसरमा सहयोगापेक्षीहरुलाई भोजन वितरण गरिनेछ ।

२.५. सदस्य राहत कार्यक्रमलाई विमासंग जोडी सहभागिता मुलक राहत कार्यक्रम संचालन गरिनेछ । सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिइएको छ । बार्षिक १ ओटा स्वास्थ्य शिविर र रक्तदान कार्यक्रम आयोजना गरिनेछ ।

२.६. संस्थाको बार्षिक साधारण सभा र विस्तारित मञ्च संचालन कार्यविधि अध्यावधिक गरिनेछ ।

२.७. लेखालाई चुस्त, पारदर्शी र स्वचालित व्यवस्थापनको लागि अत्याधुनिक लेखा प्रणाली संचालन गरिएको छ । सम्पुर्ण वित्तीय विवरणहरु क्लाउड व्यापअफमा सुरक्षित गरिएको छ । चालु आ.व. बाट ट्यावलेट बैंकिङ्ग र स्पोर्ट बैंकिङ्ग संचालन कार्यविधि तयार गरी स्पोर्ट बैंकिङ्ग सेवा प्रयोगमा ल्याइनेछ । मोवाइल बैकिङ्ग, एटिएम (ATM) कार्ड र क्यू आर (QR) भुक्तानी सेवा लगायतका सबै उच्च प्रविधिहरु निशुल्क दर्ताको नितिगत व्यवस्था गरिएको छ । चालु आ.व. बाट सदस्यता कार्डको व्यवस्था गरिनेछ ।

३.८. सदस्यहरुको स्वास्थ्य सेवामा सहज पहुँच र सहुलियतको लागि नारायणी सामुदायिक हस्पिटलमा १५% र सेन्ट्रल हस्पिटलमा २०% छुट सहुलियत व्यवस्था गरिएकोछ । यस आ.व. ०७८/७९ मा अन्य हस्पिटलसँग छुट सहुलियतको लागि सहकार्य गरिनेछ ।

**३. कुशल र स्तरीय संचालन व्यवस्था :**

३.१. आवश्यक नीति तथा कार्यविधि एवम् निर्देशिकाहरु नयाँ निर्माण र अध्यावधिक गरिनेछ । संचालक समिति, लेखा सुपरीवेक्षण समिति, सबै उप-समिति एवम् व्यवस्थापन विचमा सुमधुर तथा उच्च स्तरीय कार्य वातावरण विकास गरिनेछ । कार्य संचालनमा हुन सक्ने गल्तीहरुलाई न्युनिकरण गर्न गल्ती व्यवस्थापन प्रणाली विकास गरि लागु गरिनेछ ।

३.२. चालु आ.व. मा संचालक समितिको बैठक बढीमा १५ पटक, सेवाकेन्द्र संचालन उप-समितिको बैठक १५ पटक, लेखा सुपरीवेक्षण समितिको बैठक ४ पटक, अन्य उप-समितिको बैठक आवश्यकता अनुसार र समिक्षा पूरक बैठक २ पटक बस्नेछ ।

३.३. उच्च व्यवस्थापन र कर्मचारीहरुबीच बर्षमा कम्तीमा २ ओटा बैठक बस्नेछ ।

३.४. सबै कार्यालयको स्तरीयता बृद्धि गरिनेछ । स्थीर सम्पत्तिको बार्षिक भौतिक परिक्षण गरिनेछ । सबै कार्यालयमा फायर प्रुफ व्यवस्था गरिने छ । बार्षिक खरिद योजना निर्माण गरिनेछ ।

३.५. संस्थाको चालु आर्थिक बर्षको कुल औषत संचालन खर्च ३.५% भित्र व्यवस्थापन गरिनेछ । काउण्टर र भल्ट विमा निती यथावत कायम गरिएको छ । संस्थाको गतिविधिलाई समेटेर क्यालेण्डर प्रकाशन गरिनेछ ।

३.६. सदस्यहरुसंगको सुमधुर सम्बन्ध विस्तार एवम् संस्थाका सेवा तथा उत्पादन विकास र प्रर्वद्धनको लागि प्रभावकारी सुचना प्रणाली विकास गरिनेछ। प्रविधि र भौतिक उपस्थितिमा सदस्यहरुको विवरण अध्यावधिक गरिनेछ।

३.७. समुदायका हरेक क्रियाकलापमा सहकार्य गरिनेछ। सहकारी विभाग, स्थानीय सहकारी शाखा, सहकारी महासंघ, नेफ्स्कून, सहकारी बैंक, जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ लगायत सहकारीका सबै संजालमा आवद्धता जनाइनेछ।

३.८. स्थानीय एवम् संघिय सहकारी ऐन, नियमावली, मापदण्ड तथा सहकारीसंग आर्कषित सबै ऐन कानुन, नियमावली एवम् कार्यविधिहरु पुर्ण रुपमा अनुपालन गरिनेछ।

**४. निरन्तर सिकाई र स्वनियमन :**

४.१. संस्थाका २५% शेयर सदस्यहरुलाई सहकारी शिक्षा, वित्तीय परामर्श, व्यवसायीक क्षमता अभिबृद्धि लगायतका कार्यक्रमहरुमा सहभागिता गराइनेछ।

४.२. संचालक समिति, लेखा सुपरीवेक्षण समिति, उप-समितिका ५०% सदस्यहरुलाई आन्तरिक र बाह्य कार्यक्रमहरु एवम् भ्रमणमा सहभागिता सुनिश्चित गरिने छ। यस चालु आ.व. मा संस्था विकास तालिम आयोजन गरिनेछ। संचालक र उप-समितिका सदस्यहरुको क्रियाशीलता बढाइनेछ।

४.३. संस्थामा कार्यरत कर्मचारीहरुको पेशागत क्षमता विकासको लागि विभिन्न प्रकृतिका आन्तरिक र बाह्य तालिममा सहभागि गराइनेछ। कर्मचारी प्रोत्साहन कार्यविधि निर्माण गरी लागु गरिनेछ।

४.४. संचालक र कर्मचारीहरुको आचारसंहिता कडाईको साथ पालना गरिनेछ। शुशासन नीति र आचारसंहिता नीति अध्यावधिक गरिनेछ।

४.५. जोखिम सुपरिवेक्षण तथा शुशासन प्रर्वद्धन गर्नको लागि बार्षिक रुपमा एसियाली ऋण महासंघको शुशासन परिक्षण सुचकमा रहेर जोखिम सुपरिवेक्षण तथा शुशासन परिक्षण गरिनेछ।

४.६. संस्थाको दैनिक प्रशाशनिक काम, कारवाही संचालनको लागि मानव शंसाधन सक्षमता विकास गरिनेछ। यस आ.व. २०७८/०७९ मा तपशिल वमोजिम कर्मचारी दरवन्दी कायम गरिएको छ।

| क्र.सं. | पद | तह | संख्या |
|---|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | ७ | १ |
| २. | वरिष्ठ अधिकृत | ६-७ | १ |
| ३. | अधिकृत | ५-६ | ४ |
| ४. | वरिष्ठ सहायक | ४-५ | ४ |
| ५. | सहायक | ३-४ | २१ |
| ६. | सुरक्षा गार्ड | १-२ | २ |

यस आ.व. ०७८/७९ मा संस्थामा कार्यरत कर्मचारीहरुको आधारभुत तलवमानमा रु २,०००।- बृद्धि गरिएको छ ।

४.७. आन्तरिक लेखा परिक्षण कार्यविधि निर्माण गरी आन्तरिक लेखा परिक्षणलाई अझ वढी प्रभावकारी र क्रियाशिल वनाइनेछ । बाह्य लेखा परिक्षक नियुक्ति गरि त्रैमासिक आन्तरिक लेखा परिक्षण गरिनेछ ।

४.८. सरोकारवाला निकायहरुसंगको सहकार्यमा सहकारी एकिकरण अभियानमा सहभागिता एवम् कार्यक्रमहरु आयोजना गरिनेछ ।

आदरणीय शेयर सदस्यज्यूहरु

संस्था सञ्चालनको छोटो अवधिभित्र विभिन्न समस्या र चुनौतिलाई पार गर्दै संस्थाले निरन्तर आफ्नो कारोवार र विश्वासमा अभिवृद्धि गर्दै आर्थिक सफलता हासिल गर्दै आइरहेको छ । चिनको वुहान शहरबाट सुरु भएको कोरोना प्रकोपले गर्दा गत वर्ष र यस आ.व. ०७७/७८ मा निर्धारित लक्ष्य अनुसार उपलब्धि हासिल गर्न नसकिए पनि आगामी बर्षमा संस्थाले सदस्यहरुलाई उच्च प्रतिफल र सेवा दिने कुरामा विश्वस्त हुन आग्रह गर्दछु । शेयर सदस्यज्यूहरुलाई सदैव सकरात्मक सोच र उच्च मनोबलका साथ निश्चिन्त रहि यथासम्भव सहयोग र कारोवार गरिदिनुहुन विनम्र अनुरोध गर्दछु । सञ्चालक समितिको तर्फबाट पेश गरिएको आ.व.०७८/७९ को भावी नीति तथा कार्यक्रम र आ.व.०७७/०७८ को बार्षिक प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा सुपरिवेक्षण प्रतिवेदन, ऋण उप-समितिको प्रतिवेदन, अनुमानित आय-व्यय तथा भावि कार्ययोजना उपर बृहत छलफल, विचार-विमर्श गरी आवश्यक राय, सल्लाह र सुझाबका साथ अनुमोदन हुने विश्वास लिएको छु ।

संस्था संचालनमा आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने संस्थाका सल्लाहकारज्यूहरु, संस्थाका परिकल्पनाकारज्यू, संचालक समितिका मेरा सहकर्मी मित्रहरु, लेखा समिति ,ऋण उप समिति, सेवाकेन्द्र संचालन उपसमितिका पदाधिकारीज्यूहरु, विभिन्न कार्यक्रम संचालनका संयोजक लगायत पदाधिकारीज्यूहरु, शेयर सदस्यज्यूहरु, संस्थाका कर्मचारीहरु, सहकारी तथा रोजगार प्रवर्द्धन शाखा भरतपुर, चितवन लगायत प्रत्यक्ष तथा परोक्ष रुपमा संस्थालाई यहाँसम्म ल्याई पुऱ्याउन उल्लेख्य भुमिका निर्वाह गर्नुहुने शुभचिन्तक वर्ग सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद । जय मार्गदर्शन ॥ जय सहकारी ॥।

.....................................

**संचालक समितिको तर्फबाट**

**प्रेमबहादुर वोगटी**

**अध्यक्ष**

# आ.व. ०७७/७८ को बार्षिक प्रगति प्रतिवेदन



**गनबहादुर श्रेष्ठ**
सचिव

कार्यक्रमका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, आदरणीय संचालक समितिका पदाधिकारीज्यूहरु, संस्थाका परिकल्पनाकारज्यूहरु, सल्लाहकार समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीज्युहरु, ऋण उप-समितिका पदाधिकारीज्यूहरु, सेवाकेन्द्र संचालन उप-समितिका पदाधिकारीज्यूहरु, महिला उप-समितिका पदाधिकारीज्यूहरु, शिक्षा उप-समितिका पदाधिकारीज्यूहरु, युवा उप-समितिका पदाधिकारीज्यूहरु, संस्थाको दिगो विकासको लागी अहोरात्र क्रियाशील रहनुभएका संस्थाका उच्च व्यवस्थापन एवम् कर्मचारीहरुज्यूहरु, हाम्रो यस संस्थालाई नमुना सहकारीको रुपमा स्थापित गर्ने तीव्र अभिलाषा लिएर आ-आफ्नो जिम्मेवारी पुरा गर्दै आउनु भएका सम्पुर्ण आदरणीय शेयर सदस्यज्युहरु सबै सबैलाई संस्थाको दशौं बार्षिक साधारण सभामा हार्दिक स्वागत गर्दछु ।

यस मार्गदर्शन बचत तथा ऋण सहकारी संस्थाले आज नौं बर्ष पुरा गरी दशौं बर्षमा पाइला टेक्दै गर्दा साच्चिकै वित्तीय कारोवारमा मार्गदर्शकको रुपमा काम गर्दै जिल्लाकै उदियमान सहकारी संस्थाको रुपमा परिचित हुन लागेको छ । त्यसैकारणले शुष्म रुपको बचत संकलन, सुरक्षित लगानी, निरन्तर सहकार्य र शेयर सदस्यहरुको उर्जा, सल्लाह सधैं रहिरहोस भन्ने भावना बोकेका छौं । हामीले यस मार्गदर्शन बचत तथा ऋण सहकारी संस्था लि. स्थापना गरी गाउँमा रहेका दाजुभाई, दिदीबहिनीहरुलाई शेयर सदस्य बनाई सदस्यहरुको सानो सानो पुँजीलाई एकिकृत गरी शेयर सदस्यहरुको आर्थिक स्तर उठाउन र झन्झटबाट मुक्त भई आफ्नो व्यापार/व्यवसाय संचालन गर्नको लागि सहज रुपमा ऋण प्रदान गर्दै सम्पूर्ण सदस्यहरुको जिवन स्तर माथि उठाउन सदैव लागि परिरहेका छौं । शेयर सदस्यज्यूहरु, संचालकको दूरदृष्टि र कडा मेहनत, शेयर सदस्यहरुको जोस, जाँगर, लेखा सुपरिवेक्षण समिति र चाट्र्ड एकाउन्टेन्टबाट त्रैमासिक लेखा निगरानी र ऋण उप-समितिको उचित ऋण मुल्याङ्कन, कर्मचारीहरुको पृथक कार्य संचालन शैली र अथक परिश्रमबाट संस्थाले आज यो सफलता प्राप्त गर्न सफल भएको हो ।

आदरणीय शेयर सदस्यहरुज्यूहरु अव म आ.ब.०७७/७८ को बार्षिक प्रगति प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**१. साधारण सभा :**

कोरोना महामारीको कारण सहकारी विभाग र सहकारी तथा रोजगार प्रवर्द्धन शाखा भरतपुर महानगरपालिकाले जारी गरेको साधारण सभा संचालन सम्बन्धि निर्देशिका २०७७ बमोजिम मिति २०७७/०९/०४ गतेदेखि २०७७/०९/१० गतेसम्म एकाईगत रुपमा संस्थाको नवौं वार्षिक साधारण सभा ३,४२५ जना शेयर सदस्यहरुको उपस्थितिमा सम्पन्न गरियो ।

**२. तालिम/गोष्ठि, कार्यक्रममा आयोजना र सहभागिता :**

| क्र.सं. | मिति | तालिम तथा गोष्ठि | समयावधि | आयोजक | सहभागि |
|---|---|---|---|---|---|
| २. | २०७७/११/०५ | स्थीरिकरण कोष अभिमुखिकरण कार्यक्रम | १ दिन | नेफ्स्कून क्षेत्रीय कार्यालय, नारायणगढ | उपाध्यक्ष श्री डोलबहादुर गुरुङ्ग<br>प्रमुख कार्यकारी अधिकृत श्री दीपक गौतम |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | २०७७/११/०७ | ८औं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला | १ दिन | सुरक्षित साकोस, खोलेसिमल | कार्यदल संयोजक श्री डोलबहादुर गुरुङ्ग, प्रमुख कार्यकारी अधिकृत श्री दीपक गौतम |
| ४. | २०७७/११/२९ | २४औं स्थापना दिवस | १ दिन | जिल्ला बचत संघ | संचालक समिति सचिव श्री गनबहादुर श्रेष्ठ |
| ५. | २०७७/१२/०१ | क्षमता विकास तालिम | १ दिन | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | उपाध्यक्ष श्री डोलबहादुर गुरुङ्ग प्रमुख कार्यकारी अधिकृत श्री दीपक गौतम |
| ६. | २०७७/१२/०५ | सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली | १ दिन | सहकारी तथा रोजगार प्रर्वद्धन शाखा, भरतपुर, चितवन | लेखा सुपरिवेक्षण समिति सदस्य श्री लालप्रसाद शर्मा, बरिष्ठ अधिकृत श्री चुडामणी गौतम |

**३. कोरोना विमा :**

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट हुने आर्थिक क्षतीलाई न्युनिकरण गर्न इन्स्योरेन्स कम्पनीले सुरु गरेको कोरोना विमा कार्यक्रममा संस्थाले सहजीकरण गर्दै आर्थिक बर्ष ०७६/०७७ मा ३७५ जना शेयर सदस्यहरुको आफ्नै लागतमा संस्थामार्फत विमा गरिएकोमा ५ जना सदस्यहरु विमा अवधिमा कोरोनाबाट संक्रमित हुनुभएकोमा २ जना सदस्यहरुलाई विमा कम्पनी मार्फत १/१ लाख रुपैयाको चेक हस्तान्तरण गरिएको छ भने बाँकी ३ जना सदस्यहरुको विमा रकम भुक्तानीको लागि काम भैरहेको छ।

**४. सदस्य स्वास्थ्य छुट सेवा कार्यक्रम :**

संस्थाका शेयर सदस्यहरुलाई स्वास्थ्य सेवामा छुट सहुलियतको लागि नारायणी सामुदायिक हस्पिटलसंगको सहकार्यमा १५% र सेन्ट्रल हस्पिटलसंगको सहकार्यमा २०% छुटको व्यवस्था गरिएको छ।

**५. हर्जाना छुट :**

यस आर्थिक वर्ष पनि कोरोना प्रभावले गर्दा सदस्यहरुलाई भाखा नाघेको ऋण भुक्तानीमा लाग्ने हर्जाना पूरै छुट गरिएको छ।

**६. कर्मचारी व्यवस्थापन :**

संस्थामा दैनिक कारोवारलाई चुस्त र दुरुस्त पार्न प्रमुख कार्यकारी अधिकृत-१, अधिकृत श्रेणी-३, सहायक श्रेणी-२३ र सहयोगी श्रेणी-२ जना गरी कुल २९ जना कर्मचारीहरु कार्यरत छन्। सदस्य सेवालाई प्रभावकारी वनाउन प्रशिक्षार्थी कर्मचारी राख्ने व्यवस्था गरिएको छ। कर्मचारीहरुलाई वृत्ति विकासको लागि समयअनुकुल तालिम, प्रशिक्षण तथा भ्रमणको व्यवस्था गरिएको छ। संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको छ ।

**७. सदस्य सेवा केन्द्र व्यवस्थापन :**

सदस्यहरुलाई कारोवारमा सहज र सरल बनाउने उद्देश्यले संस्थाले सेवाकेन्द्र विस्तार गरी उक्त सेवाकेन्द्र संचालन गर्न ५ सदस्यीय उप-समिति गठन गरी जिम्मेवारी हस्तान्तरण गरी चुस्त रुपमा सेवाकेन्द्रहरु संचालन गरिएको छ।

**८. कार्यालय व्यवस्थापन :**

सदस्यहरुलाई संस्थाको सेवा सुविधा उपयोग गर्न र दैनिक कारोवारलाई चुस्त, दुरुस्त र सहज बनाउन

सबै कार्यालयलाई आधुनिक वनाईएको छ। कार्यालयमा व्यवस्थित सिसि क्यामरा र एसी जडित काउन्टर, विभागीय फाँटहरु र तालिम हलको व्यवस्था गरिएको छ।

**९. प्रविधिको अवस्था**

संस्थालाई समयसापेक्ष प्रतिस्पर्धी रुपमा अगाडि बढाउनको लागि अत्याधुनिक प्रविधिको लेखा सफ्टवेयरको प्रयोग गरिएको छ। सदस्यहरुलाई आधुनिक प्रविधिमा आधारित मोबाइल बैंकिङ, ATM कार्ड, QR पेमेन्ट, वालेट लोड, बैंक फण्ड ट्रान्सफर, E-Teller सञ्चालन गर्दै आइरहेको छ। IME Pay, Prabhu Pay, E-Sewa र खल्ती एप्सबाट संस्थाको आफ्नो खातामा सिधै रकम जम्मा गर्न मिल्ने व्यवस्था गरिएको छ।

**१०. संचालक समितिको बैठक :**

संचालक समितिको २०७७ श्रावणमसान्तदेखि २०७८ असार मसान्तसम्मको बैठकमा रहेको उपस्थिति विवरण निम्न बमोजिम रहेको छ।

| पद | नाम, थर | नियमित बैठक संख्या | उपस्थित बैठक संख्या |
|---|---|---|---|
| अध्यक्ष | श्री प्रेमबहादुर बोगटी | १४ | ५ |
| उपाध्यक्ष | श्री डोलबहादुर गुरुङ | १४ | १३ |
| सचिव | श्री गनबहादुर श्रेष्ठ | १४ | १४ |
| कोषाध्यक्ष | श्री कमलबहादुर थापा | १४ | १४ |
| सह-सचिव | श्री गीता न्यौपाने | १४ | १४ |
| सदस्य | श्री चन्द्रमाया न्यौपाने | १४ | १२ |
| सदस्य | श्री दुर्गा क्षेत्री | १४ | १४ |
| सदस्य | श्री विष्णुबहादुर श्रेष्ठ | १४ | १४ |
| सदस्य | श्री झपडबहादुर भण्डारी | १४ | ८ |
| सदस्य | श्री सन्तोष पण्डित | १४ | १३ |

संस्था संचालनमा आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने संस्थाका सल्लाहकारज्यूहरु, संस्थाका परिकल्पनाकारज्यूहरु, संचालक समितिका मेरा सहकर्मी मित्रहरु, लेखा समिति, ऋण उप-समिति, सेवाकेन्द्र संचालन उप-समितिका पदाधिकारीज्यूहरु, विभिन्न कार्यक्रम संचालनका संयोजक लगायत पदाधिकारीज्यूहरु, शेयर सदस्यज्यूहरु, संस्थाका कर्मचारीहरु, सहकारी तथा रोजगार प्रवर्द्धन शाखा भरतपुर, चितवन लगायत प्रत्यक्ष र परोक्ष रुपमा संस्थालाई यहाँसम्म ल्याउन उल्लेख्य भुमिका निर्वाह गर्नुहुने शुभचिन्तक वर्ग सबैमा हार्दिक आभार व्यक्त गर्दै आवश्यक राय, सल्लाह र सुझाव सहित आ.व. ०७७/७८ को बार्षिक प्रगति प्रतिवेदन अनुमोदन गर्नुहुने विश्वासका साथ विदा हुन चाहन्छु।

धन्यवाद। जय मार्गदर्शन ॥ जय सहकारी ॥।

**संचालक समितिको तर्फबाट**
**गनबहादुर श्रेष्ठ**
**सचिव**

# आ.व. २०७७/०७८ को आर्थिक प्रतिवेदन



**कमलबहादुर थापा**
कोषाध्यक्ष

दशौं बार्षिक साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, मञ्चमा आतिथ्यता ग्रहण गरिरहनुभएका अतिथिज्यूहरु, आदरणीय संचालक समितिका पदाधिकारीज्यूहरु, संस्थाका परिकल्पनाकारज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं पदाधिकारीज्यूहरु, सल्लाहकार समितिका संयोजक एवं पदाधिकारीज्यूहरु, ऋण उप-समितिका संयोजक एवं पदाधिकारीज्यूहरु, सेवाकेन्द्र संचालन उप-समितिका संयोजक एवं पदाधिकारीज्यूहरु, विभिन्न उप-समितिका संयोजक एवं सदस्यज्यूहरु, संस्थाको दिगो विकासको लागि हरपल खटिरहनु भएका संस्थाका उच्च व्यवस्थापन एवम् कर्मचारीहरुज्यूहरु, यस संस्थाको मुल खम्वाको रुपमा रहनु भएका आदरणीय शेयर सदस्यज्यूहरुमा म कोषाध्यक्षको तर्फबाट हार्दिक स्वागत एवं अभिवादन टक्र्याउन चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु,

आजको यस गरिमामय दिनमा आ.व. ०७७/७८ मा भए गरेका क्रियाकलापहरुको समिक्षा, मूल्याङ्कन गर्दै समर्थन र आगामी आ.व. ०७८/०७९ को भावी नीति, कार्यक्रम एवं कार्ययोजना उपर बृहत छलफल गरी उचित मार्गनिर्देश गर्दै कार्यान्वयन गर्न प्रेरित गर्ने दिन हो । अब म आ.व ०७७/७८ को बार्षिक आर्थिक प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा कोरोना प्रभावले गर्दा निर्धारित वित्तीय उपलब्धीहरु हासिल गर्न नसकिएको यथार्थ हो । आर्थिक वर्ष २०७७/०७८ मा निर्धारित संस्थाको कूल सम्पत्ति ५५ करोडलाई संशोधन गरी ५१ करोड ७८ लाखमा संशोधित लक्ष्य तय गरेको जानकारी गर्दछु ।

आदरणीय शेयर सदस्यज्यूहरु,

अब म आर्थिक बर्ष ०७६/७७ र ०७७/७८ को तुलनात्मक वित्तीय प्रगति विश्लेषण पेश गर्न चाहन्छु ।

**प्रगति विश्लेषण**

| क्र.सं. | विवरण | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | बृद्धिदर (%) |
|---|---|---|---|---|
| १. | शेयर पूँजी | ३,६३,८०,५०० | ४०,६१७,४०० | ११.६६ |
| २. | जगेडा कोष | ९३,४०,११२ | १,४४,४९,५४३ | ५४.७० |
| ३. | अन्य कोष | ५६,३८,२३३ | १,०४,७१,२४१ | ८५.७२ |

| | | | | |
|---|---|---|---|---|
| ४. | बचत/निक्षेप | ३४,७४,९८,१२६ | ४४,२३,२६,२९० | २७.२९ |
| ५. | बाह्य ऋण | २,५०,००,००० | ० | ० |
| ५. | ऋण लगानी | ३४,१६,३८,००६ | ३९,५४,५८,३२४ | १५.७५ |
| ६. | स्थीर सम्पत्ति | ९५,०३,४५८ | ९१,१७,२९० | (४.०६) |
| ७. | कुल आम्दानी | ५,४३,१२,९९८ | ५,९९,४५,४३७ | १०.३७ |
| ८. | कुल खर्च | ४,८१,८२,३६० | ४,७८,११,०२९ | (०.७७) |
| ९. | खुद बचत | ६१,३०,६३८ | १,२१,३४,४०७ | ९७.९३ |
| १०. | कुल सम्पत्ति | ४३,१६,५८,२९६ | ५१,७९,७५,८८० | १९.९९ |

आदरणीय शेयर सदस्यज्यूहरु,

संस्थाको नवौं बार्षिक साधारण सभाले नियुक्ति गरेको चार्टड एकाउन्टेण्ट प्रतिक खनाल एण्ड एसोसिएट्सबाट गरिएको संस्थाको आर्थिक बर्ष २०७७/०७८ को बाह्य लेखा परिक्षण प्रतिवेदन यस साधारण सभामा पेश गर्न चाहन्छु ।

PAN: 606212834

Member of Allinial GLOBAL. An association of legally independent firms

# Pratik Khanal & Associates

**Independent Auditor's Report**

**To**

**The Shareholders of Margadarshan Saving & Credit Co-operative Limited**

**Report on the Audit of the Financial Statements**

**Opinion**

We have audited the financial statements of **Margadarshan Saving & Credit Co-operative Limited**, which comprise of Statement of Financial Position as at 31 Ashad 2078 (15 July 2021) , Statement of Profit or Loss, Statement of Cash Flows, Statement of Changes in Equity and Schedules for the period covering 1st Shrawan 2077 to 31 Ashad 2078 (16 July 2020 to 15 July 2021) and notes to financial statement, including summary of accounting policies.

In our opinion, and to the best of our information and according to the explanations given to us, except for the effects of matter described in *Basis for Qualified Opinion* of our report, the accompanying financial statements presently fairly, in all material aspects, the financial position of the Company as at 31 Asad 2078 ( 15 July 2021), and its financial performance, changes in equity, cash flow statements for the year then ended and a summary of significant policies and other explanatory information, in accordance with Nepal Accounting Standards and Generally Accepted Accounting Principles.

**Basis for Qualified Opinion**

1. Loan Loss Provision is calculated on the basis of guidelines provided by Department of Cooperative. Further a circular from Department of Cooperative is issued where Loan loss provision can be made by the Cooperative by considering the status of Poush end of members. Margardarshan Saving and Credit Co-operative Limited has provided a total provision of Nrs. 6,463,120 whereas the total loan loss provision as per the requirement of Act read together with the circular amounts to Nrs. 7,823,407 due to which a loan loss provision is not adequately provided. This has understated the provision by NRs. 1,360,286 resulting in increase in profit by same amount for this period.

2. During the year, cooperative has transferred the unutilized statutory funds created as per the requirements of Cooperative Act 2074 into general reserve of the company amounting to NRs. 1,090,825. The purpose of these funds which were created as per the provision of the act was not complied with since these funds were transferred to the general reserve funds of the company. The funds amounting to NRs. 405,725 from stabilization fund, NRs. 171,725 from Cooperative Education fund, NRs. 171,725 from Cooperative development fund, NRs. 171,725 from Community development fund and NRs. 171,725 from other risk bearing funds has been transferred to general reserve fund.

We conducted our audit in accordance with Nepalese Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the audit of Financial Statements section of our report. We are independent of the company in accordance with ICAN's handbook of code of ethics for professional accountants together with ethical requirements that are relevant to our audit of financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion

**Key Audit Matter**

Except for the matter described in Basis for Qualified Opinion, we have determined that there are no other key audit matters to be communicated through this report.

**Responsibilities of Management and those charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Generally Accepted Accounting Principles and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error. In preparing the financial statements, management is responsible for assessing the company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations; or has no realistic alternative but to do so

Those charged with governance are responsible for overseeing the financial reporting process

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Pratik Khanal & Associates Chartered Accountants

Thapagaun, Kathmandu, Nepal +977-015186686 +977-985120567
info@pka.com.np www.pka.com.np

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgement and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatements of the financial statements, whether due to fraud or error. We design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than from one resulting from error, as fraud may involve collusion, forgery, intentional omission, misrepresentation, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosure in the financial statements or, if such disclosure are inadequate, to modify our opinion. Our conclusion are based on the audit evidences obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease as a going concern.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

**Report on the Other Legal & Regulatory Requirements**

We further report that we have obtained information and explanations asked for, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit. In our opinion, the statement of financial position, the statements of profit or loss and the cash flows have been prepared in accordance with the requirements of the Cooperative Act 2074 and are in agreement with the books of account of the Company; and proper books of account as required by section 74 of the Act. Further Funds as per section 68, 69 and 70 of the act has been created and provided for as per requirement of Cooperative Act.

To the best of our information and according to explanations given to us and so far appeared from our examination of the books of account of the Company necessary for the purpose of our audit, we have not come across cases where Board of Directors or any employees of the Company have acted contrary to the provisions of law relating to the accounts, or committed any misappropriation or caused loss or damage to the Company relating to the accounts in the Co-operative. Cooperative has not provisioned in accordance with the requirements of Co-operative Act 2074 which is qualified above and the co-operative has conducted its business satisfactorily and its transaction was found to be within the scope of its authority.

Pratik

PRATIK KHANAL & ASSOCIATES Chartered Accountants

CA. Pratik Khanal

Principal

Date: 10 Bhadra 2078

Place: Furtichowk, Bharatpur

UDIN:- 210826CA010947lkCU

# मार्गदर्शन वचत तथा ऋण सहकारी संस्था लिमिटेड
## भरतपुर-१६, चितवन

### वित्तीय विवरणको स्थिति
आषाढ ३१, २०७८ सम्मको

| पुँजी तथा दायित्व | अनुसूची | ३१ आषाढ २०७८ | ३१ आषाढ २०७७ |
|---|---|---|---|
| शेयर पुँजी | १ | ४०,६१७,४०० | ३६,३८०,५०० |
| जगेडा कोष | २ | १४,४४९,५४३ | ९,३४०,११२ |
| अन्य कोषहरु | ३ | १०,४७१,२४१ | ५,६३८,२३३ |
| निक्षेप दायित्व | ४ | ४४२,३२६,२९० | ३४७,४९८,१२६ |
| कर्जा तथा सापटी रकम | ५ | - | २५,०००,००० |
| चालू दायित्व तथा व्यवस्था | ६ | ३,६४८,२८५ | ३,२३८,२०४ |
| कर्जा नोक्सानी व्यवस्था | ७ | ६,४६३,१२१ | ४,५६३,१२१ |
| **कुल पुँजी तथा दायित्व** | | **५१७,९७५,८८०** | **४३१,६५८,२९६** |
| | | | |
| **सम्पत्ति** | **अनुसूची** | **३१ आषाढ २०७८** | **३१ आषाढ २०७७** |
| नगद मौज्दात | ८ | २,७१२,८१८ | १,८६०,६२६ |
| बैंक मौज्दात | ९ | १००,४१७,९५४ | ७०,१८७,६५० |
| लगानी | १० | ६,६२५,२४२ | ४,५३०,५२६ |
| कर्जा लगानी | ११ | ३९५,४५८,३२४ | ३४१,६३८,००६ |
| स्थिर सम्पत्ति | १२ | ९,११७,२९० | ९,५०३,४५८ |
| गैर बैकिंग सम्पती | १३ | - | - |
| पेश्की तथा धरौटी | १४ | २,२१६,६९१ | १,६६५,४४४ |
| अन्य सम्पत्ति | १५ | १,४२७,५६१ | २,२७२,५८७ |
| **कुल सम्पत्ति** | | **५१७,९७५,८८०** | **४३१,६५८,२९६** |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २३

अनुसूची १ - १५ र २३ वित्तिय विवरणको स्थितिको अभिन्न अंग रहने

दीपक गौतम
प्रमुख कार्यकारी अधिकृत

प्रेम बहादुर बोगटी
अध्यक्ष

डोल बहादुर गुरुङ
उपाध्यक्ष

संलग्न मितिको रिपोर्ट अनुसार

कमल बहादुर थापा
कोषाध्यक्ष

गन बहादुर श्रेष्ठ
सचिव

गीता न्यौपाने
सह - सचिव

सी. ए. प्रतिक खनाल
प्रिन्सिपल

PRATIK KHANAL & ASSOCIATES
Chartered Accountants

प्रतिक खनाल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेण्ट्स

मिति : १०/०५/२०७८
स्थान : भरतपुर, चितवन

# मार्गदर्शन वचत तथा ऋण सहकारी संस्था लिमिटेड

## भरतपुर-१६, चितवन

### नाफा नोक्सान हिसाब

२०७७ साउन १ गतेदेखि २०७८ असार ३१ सम्म

| आम्दानी | अनुसूची | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| ब्याज आम्दानी | १६ | ५५,५०६,०८१ | ५०,४६३,७६९ |
| अन्य आम्दानी | १७ | १,०६६,२६० | ७५४,०४२ |
| विप्रेषण तथा कमिसन आम्दानी | १८ | ३,३७३,०९६ | ३,०९५,१८७ |
| **जम्मा** | | ५९,९४५,४३७ | ५४,३१२,९९८ |

| खर्च | अनुसूची | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| ब्याज खर्च | १९ | २७,५७७,६९४ | ३०,७६६,९६३ |
| कर्मचारी खर्च | २० | ८,९०५,२२५ | ८,४३१,६६९ |
| प्रशासनिक खर्च | २० | ५,७१२,१६१ | ५,६०२,९४० |
| सम्पत्ति अपलेखन | २१ | - | - |
| ह्रासकट्टी | १२ | ७७९,७२५ | ९१३,६७९ |
| **जम्मा** | | ४२,९७४,८०६ | ४५,७१५,२५१ |
| संभावित नोक्सानीको व्यवस्था अघिको नाफा | | १६,९७०,६३१ | ८,५९७,७४८ |
| संभावित नोक्सानीको व्यवस्थाबाट फिर्ता | | - | - |
| यस वर्ष ऋण तथा पेश्की व्यबस्था | २२ | १,८९९,९९९ | ८९३,१४७ |
| कर्मचारी बोनस तथा आयकर अघिको नाफा | | १५,०७०,६३१ | ७,७०४,६०० |
| कर्मचारी बोनस व्यवस्था | | १,३७०,०५७ | ७००,४१८ |
| **आयकर अघिको नाफा** | | १३,७००,५७४ | ७,००४,१८२ |
| चालु आर्थिक वर्षको आयकर व्यवस्था | | १,५६६,१६७ | ८७३,५४४ |
| गत आर्थिक वर्षको कर व्यवस्था | | - | - |
| स्थगन कर | | - | - |
| **खुद नाफा वा (नोक्सान)** | | १२,१३४,४०७ | ६,१३०,६३८ |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २३

अनुसूची १६ - २३ नाफा नोक्सान हिसाबको स्थितिको अभिन्न अंग रहने

दीपक गौतम
प्रमुख कार्यकारी अधिकृत

प्रेम बहादुर बोगटी
अध्यक्ष

डोल बहादुर गुरुङ
उपाध्यक्ष

संलग्न मितिको रिपोर्ट अनुसार

कमल बहादुर थापा
कोषाध्यक्ष

गन बहादुर श्रेष्ठ
सचिव

गीता न्यौपाने
सह - सचिव

सि. ए. प्रतिक खनाल
प्रिन्सिपल

प्रतिक खनाल एण्ड एसोसिएटस्
चार्टड एकाउन्टेन्ट्स

PRATIK KHANAL & ASSOCIATES
Chartered Accountants

मिति : १०/०५/२०७८

स्थान : भरतपुर, चितवन

## मार्गदर्शन वचत तथा ऋण सहकारी संस्था लिमिटेड
भरतपुर-१६, चितवन

### नगद प्रवाह विवरण
२०७७ साउन १ गतेदेखि २०७८ असार ३१ सम्म

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| **क. कारोबार संचालनबाट नगद प्रवाह** | **(३८,३०२,३२७)** | **(६६,०६०,५२२)** |
| **१. नगद प्राप्ति** | **५९,९४५,४३७** | **५५,५३१,५९२** |
| १.१ कर्जा लगानीबाट ब्याज आम्दानी | ५२,५८५,९५० | ४७,१८५,७३२ |
| १.२ थप ब्याज/हर्जना आम्दानी | - | - |
| १.३ बैंकबाट ब्याज आम्दानी | २,९२०,१३१ | ३,२७८,०३७ |
| १.४ विविध आम्दानी | ३,९७६,००६ | ३,८४९,२२९ |
| १.५ विप्रेषण आम्दानी | ४६३,३५० | |
| १.६ कोषमा रकमान्तरण गरीएको आय | - | १,२१८,५९३ |
| | | |
| **२. नगद भूक्तानी** | **(४३,०६८,६२४)** | **(४६,५९०,१८३)** |
| २.१ निक्षेपमा ब्याज खर्च | (२७,५१२,९७०) | (२७,७३७,४८८) |
| २.२ सापटीमा ब्याज खर्च | (६४,७२४) | (३,०२९,४७५) |
| २.३ कर्मचारी खर्च | (८,९०५,२२५) | (८,४३१,६६९) |
| २.४ कार्यालय संचालन खर्च | (५,७१२,१६१) | (५,६०२,९४०) |
| २.५ आयकर भूक्तानी | (८७३,५४४) | (९७१,००५) |
| २.६ अन्य खर्च | – | (८१७,६०६) |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | **(५३,५२६,५३९)** | **(७५,७७५,११८)** |
| १. कर्जा लगानिमा कमी/(वृद्धि) | (५३,८२०,३१८) | (७५,१०३,५१९) |
| २. पाउनू पर्ने हिसाबमा कमी/(वृद्धि) | २९३,७७९ | (६७१,५९९) |
| | | |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा (कमी)/बृध्दि** | **(१,६५२,६००)** | **७७३,१८७** |
| १. चालु दायित्व हिसाबमा (कमी)/वृद्धि | (१,६५२,६००) | ७७३,१८७ |
| | | |
| **ख. लगानी कारोवारमा नगद प्रवाह** | **(२,४८८,२७३)** | **(२,४८२,५५०)** |
